लक्ष्मी जननी मिडिया हाउस प्रा.लि.द्वारा प्रकाशित

जि.प्र.का.द.नं. :-१३/०७६/०७७

जि.हु.द.नं. १/०८२/०८३

# म्याग्दी नेपाल

MYAGDI NEPAL WEEKLY

www.erupse.com साप्ताहिक

वर्ष ८, अंक ०९ २०८२ चैत २७ गते शुक्रबार (Friday 10 April 2026) नेपाल सम्बत् ११४५ पृष्ठ ४+२ मुल्य रु १०/-

"होटल जोमसोम प्राइड"
जोमसोम मुस्ताङ,०६९-५९००८३,९८२४७२३१३६



मुक्तिनाथ तथा दामोदरकुण्ड तिर्थयात्राका क्रममा आरामदायी तथा पारीवारीक वातावरणमा खाना तथा बसाइका लागि सम्झनै पर्ने नाम ।

# उत्पादनदेखि बजारीकरणसम्म संघर्ष र सम्भावना

**अमृत बास्कुने**



हिमाली जिल्ला म्याग्दीको मालिका गाउँपालिका-६ दरवाङमा रहेको आत्मनिर्भर साना किसान कृषि सहकारी संस्था लिमिटेडले ग्रामीण भेकका कृषकहरुको उत्पादनलाई संगठित गर्दै आत्मनिर्भरता बढाउने उद्देश्यसहित उल्लेखनीय काम गर्दै आएको छ । मालिका गाउँपालिका वडा नम्बर ६ का तत्कालिन अध्यक्ष तथा हाल सहकारीका अध्यक्ष सन्तोष सुवेदीको अग्रसरतामा २०७६ माघ १६ गते स्थापना भएको सहकारीले उत्पादन, संकलन र बजारीकरणलाई मुख्य प्राथमिकतामा राख्दै आफ्नो गतिविधि विस्तार गरिरहेको छ ।

सहकारीका लेखापाल सृजना बुढाका अनुसार हाल सहकारी संस्थामा रहेका पाँच सय ३७ जना शेयर सदस्यहरुबाट ६८ लाख ५१ हजार ८ सय रूपैयाँ शेयर पुँजी जम्मा गरिएको छ । त्यसैगरी संस्थाका सदस्यहरूले ३८ लाख ३५ हजार ८ सय ५० रूपैयाँ बचत संकलन गरेका छन् भने सहकारीले आफ्ना सदस्यहरूलाई एक करोड ७६ लाख ४ सय रूपैयाँ ऋण लगानी गरेको छ ।

सहकारीका अध्यक्ष सुवेदीले कृषि उत्पादनका लागि गाउँमा उत्पादन लागत उच्च हुने हुँदा बजारीकरणमा कठिनाइ रहेको सुनाए । विगतमा "गाउँका कृषकहरुले उत्पादन आफैँ बोकेर बजारमा लगेर एक-एक केजी बेच्न खोज्दा देखिएको पीडाले सहकारी स्थापना गर्ने प्रेरणा मिल्यो," उनले भने । उत्पादन, संकलन र विभिन्न प्रयास गर्दा पनि बजारीकरणमा समस्या कायम रहेको समेत उनले बताए । राज्यको निकायबाट चिस्यान केन्द्र, संकलन तथा बजार व्यवस्थापनजस्ता आधारभूत सुविधामा सहजीकरण नहुँदा कृषकलाई विगत देखिनै चुनौती हुँदै आएको उनको भनाई थियो । स्थानीय उत्पादनमा लागत केही बढी हुँने र बाहिरबाट आउने सामग्रीहरू कम मुल्यमै आइपुग्ने हुँदा बजारीकरणमा केही असहजता छ । उपभोक्ताले स्थानीय

बाँकी पाँचौं पृष्ठमा




नेशनल ड्रग सेन्टर
पाण्डे हेल्थ क्लिनिक एण्ड ल्याव सेवा
अस्पताल चोक, बेनीमा
प्रत्येक महिनाको चौथो शनिबार



डा. हेमा छन्त्याल
स्त्री तथा प्रसुतीरोग विशेषज्ञ
महिला सम्बन्धी सम्पूर्ण समस्याहरू जस्तै तल्लो पेट दुख्ने, सेतो पानी बग्ने, योनी चिलाउने, महिनावारी गडबडी हुने तथा रगत धेरै बग्ने, गर्भवती सम्बन्धी समस्या तथा गर्भवती जाँच, बाझोपनको उपचार तथा परामर्श, पिसाब पोल्ने, पिसाब छिटो छिटो लाग्ने, आङ खस्ने तथा खस्ला जस्तो हुने एवम् पाटेघरका अन्य समस्याहरु भएकाहरुले विशेषज्ञ मार्फत नै सेवा लिने मौका नछुटाउनु होला ।
साथै सोही दिन पाठेघरको मुखको पानी जाँच (Pap smear) गरिन्छ ।



डा. गोविन्द राज पाण्डे
जनरल फिजिसियन
गानो गोला, ग्याष्ट्रिक, अल्सर, दम, खोकी, निमोनिया, जण्डिस, मुटु भड्किने, ब्लड प्रेसर घटबढ हुने, पिसाब बढी लाग्ने (सुगर रोग), थाइराइड रोगका बिरामीहरुले समयमै सम्पर्क गरी स्वास्थ्यलाभ लिनुहुन अनुरोध गर्दछौं ।



डा. दिपक बगाले
वरिष्ठ रेडियोलोजिष्ठ
म्याग्दी जिल्लामै अत्याधुनिक भिडियो एक्सरे मेसिन मार्फत् पेट सम्बन्धी रोगहरु: कलेजो, पित्तथैली, मृगौला, फियो, पिसाव थैली प्रोस्टेट, एपेन्डिक्स लगाएतका अंगहरुमा हुने सुन्निने, पत्थरी पर्ने, पिप जम्ने, गिर्खा आउने ट्यूमर पलाउने क्यान्सर जस्ता धेरै रोगहरु पत्ता लगाउन सकिन्छ । साथै पाठेघरको अवस्था, गर्भमा रहेको भ्रुणको स्थान, उमेर, जुम्ल्याह भए नभएको, भ्रुणको समय अनुसार हुनुपर्ने विकास भए नभएको तथा गर्भावस्थाको पाँचौ महिनामा (१८ देखि २२ हप्ता) गरिने जाँच Anomaly Scan मार्फत् भ्रुणको शारीरिक बनोटको विस्तृत अध्ययनबाट जघन्य खोटहरु पत्ता लगउन सकिन्छ । थाइराइड, स्तन, अन्डकोष, माशपेशी र रक्तनलीको भिडियो एक्सरे द्वारा जाँच गरी रोगहरु पत्ता लगाउन सकिन्छ ।

२०८२ चैत्र २८ शनिबार

९८५७६२४३५३-शम्भुराज पाण्डे, ९८६७६२९४२४-अमरप्रसाद पाण्डे
०६९-५२०१९२, ५२०६८८

- दैनिक रुपमा डाक्टरहरुद्वारा बिरामी परीक्षण तथा भिडियो एक्स-रे सेवा
- डिजिटल एक्स-रे, इसिजी, गुणस्तरीय ल्याब (प्रयोगशाला) सेवा
- गुणस्तरीय फार्मेसी सेवा

अग्रिम बुकिङको पनि व्यवस्था छ ।

सम्पादकीय

# आशा, अनुशासन र रुपान्तरण

नयाँ वर्ष २०८३ को आगमनसँगै सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं। समयको चक्रले फेरि एकपटक नयाँ सुरुवातको ढोका खोलेको छ। नयाँ वर्ष केवल पात्रो परिवर्तन मात्र होइन, यो आत्ममूल्यांकन, सुधार र नयाँ संकल्पको अवसर पनि हो। बितेको वर्षले हामीलाई दिएका अनुभव, सफलता र चुनौतीहरुलाई आत्मसात गर्दै अबको यात्रालाई अझ अर्थपूर्ण, अनुशासित र परिणाममुखी बनाउनुपर्ने जिम्मेवारी हाम्रो काँधमा छ। नेपाल जस्तो बहुआयामिक सम्भावनाले भरिएको देशका लागि नयाँ वर्ष २०८३ विशेष महत्वको हुनुपर्छ। प्राकृतिक स्रोतसाधन, सांस्कृतिक सम्पदा, युवाशक्ति र भौगोलिक विविधता यी सबै हाम्रो विकासका बलिया आधार हुन्। तर, यिनै आधारहरुलाई सही ढंगले उपयोग गर्न नसक्दा अपेक्षित प्रगति हुन सकेको छैन। अबको वर्षमा केवल सम्भावनाको चर्चा मात्र होइन, त्यसलाई व्यवहारमा उतार्ने दृढ इच्छाशक्ति आवश्यक छ। नयाँ वर्षले सबैलाई नयाँ ऊर्जा र संस्कार दिन सकोस् भन्ने कामना गर्दै, हामीले व्यक्तिगत, सामाजिक र राष्ट्रिय तहमा केही महत्वपूर्ण पक्षहरुमा ध्यान दिनु जरुरी छ। आत्मअनुशासन र जिम्मेवारीबोध। विकासको कुरा गर्दा हामी प्रायः सरकार वा नेतृत्वलाई मात्र दोष दिने गर्छौं, तर नागरिकको भूमिका पनि त्यत्तिकै महत्वपूर्ण हुन्छ। समयको सदुपयोग, नियमको पालना, कर तिर्ने बानी, सार्वजनिक सम्पत्तिको संरक्षण यी साना तर महत्वपूर्ण अभ्यासहरुले नै समग्र समाजलाई उचाइमा पुर्‍याउँछन्।

शिक्षा र सीपको गुणस्तर सुधार। नेपालमा शिक्षाको पहुँच विस्तार भए पनि गुणस्तरको प्रश्न अझै गम्भीर छ। नयाँ वर्षमा शिक्षा प्रणालीलाई व्यवहारिक, सीपमुखी र प्रविधिमैत्री बनाउनेतर्फ जोड दिनुपर्छ। युवाहरुलाई केवल प्रमाणपत्रधारी होइन, सक्षम र सिर्जनशील नागरिक बनाउने लक्ष्य राख्नुपर्छ। विदेश पलायनको प्रवृत्तिलाई कम गर्न स्वदेशमै अवसर सिर्जना गर्नु आजको आवश्यकता हो। कृषि र उत्पादनमुखी अर्थतन्त्रको सुदृढीकरण। नेपाल कृषि प्रधान देश भए पनि खाद्यान्न आयातमा निर्भर हुनु विडम्बना हो। नयाँ वर्ष २०८३ मा आधुनिक कृषि, सहकारी प्रणालीको सुदृढीकरण र स्थानीय उत्पादनको प्रवर्द्धनमा विशेष ध्यान दिनुपर्छ। "आत्मनिर्भर अर्थतन्त्र" नारामा मात्र सीमित नरही व्यवहारमा उतार्न सकिएमा देशको आर्थिक मेरुदण्ड बलियो बन्नेछ। सुशासन र पारदर्शिता बढाउने । भ्रष्टाचार, ढिलासुस्ती र अनियमितता विकासका मुख्य अवरोध हुन्। नयाँ वर्षले नेतृत्व तहमा इमान्दारिता र उत्तरदायित्वको संस्कार विकास गरोस्। सरकारी सेवा प्रवाहलाई छिटो, सरल र डिजिटल बनाउँदै नागरिकलाई सहजता प्रदान गर्नु आजको आवश्यकता हो। जब शासन प्रणालीमा विश्वास बढ्छ, तब नागरिक पनि सक्रिय र सकारात्मक बन्छन्। पर्यटन र सांस्कृतिक पहिचानको संरक्षण। नेपाल विश्वमै अद्वितीय प्राकृतिक सौन्दर्य र सांस्कृतिक विविधताले सम्पन्न देश हो। हिमाल, पहाड, तराई–हरेक क्षेत्रको आफ्नै विशेषता छ। नयाँ वर्षमा आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्दै स्थानीय अर्थतन्त्रलाई बलियो बनाउने अवसर छ। साथै, मौलिक कला, संस्कृति र परम्परालाई संरक्षण गर्दै नयाँ पुस्तासम्म हस्तान्तरण गर्नु हाम्रो कर्तव्य हो।

पर्यावरण संरक्षण र दिगो विकास। जलवायु परिवर्तनको असर नेपालमा पनि स्पष्ट देखिन थालेको छ। बाढी, पहिरो, खडेरी जस्ता समस्या दिनप्रतिदिन बढ्दै गएका छन्। नयाँ वर्षमा विकास र वातावरणबीच सन्तुलन कायम गर्ने नीति र व्यवहार आवश्यक छ। वन संरक्षण, स्वच्छ ऊर्जा प्रयोग र प्रदूषण नियन्त्रणमा सबैले आ-आफ्नो भूमिका निर्वाह गर्नुपर्छ।

सातौं, सामाजिक सद्भाव र एकता। विविध जाति, भाषा, धर्म र संस्कृतिले भरिएको नेपालमा एकता नै सबैभन्दा ठूलो शक्ति हो। नयाँ वर्षले आपसी सम्मान, सहिष्णुता र सहकार्यको भावना अझ मजबुत बनाओस्। विभाजन र द्वन्द्व होइन, सहकार्य र सहअस्तित्वको बाटो नै समृद्धिको आधार हो।

नयाँ वर्ष २०८३ ले हामी सबैलाई केवल आशा मात्र होइन, जिम्मेवारी पनि दिएको छ। परिवर्तनको अपेक्षा अरुसँग मात्र राखेर हुँदैन, परिवर्तन आफैंबाट सुरु गर्नुपर्छ। सानो सकारात्मक कदमले पनि ठूलो परिवर्तन ल्याउन सक्छ। यदि प्रत्येक नागरिकले आफ्नो ठाउँबाट इमान्दार प्रयास गर्‍यो भने राष्ट्रको समग्र अवस्था सुधार्न धेरै समय लाग्दैन। अन्त्यमा, नयाँ वर्ष २०८३ को अवसरमा सम्पूर्ण नेपालीहरुमा पुनः हार्दिक शुभकामना व्यक्त गर्दै, यो वर्ष हामी सबैका लागि स्वास्थ्य, समृद्धि र सफलता लिएर आओस् भन्ने कामना गर्दछौं। नयाँ वर्षले नयाँ सोच, नयाँ ऊर्जा र सकारात्मक संस्कारको विकास गराउँदै देशलाई दिगो विकास र समृद्धिको मार्गतर्फ अग्रसर गराओस यही हाम्रो अपेक्षा र प्रतिबद्धता हो।

# सुधारको संकेत कि पुरानै प्रवृत्तिको निरन्तरता ?




नयाँ वर्ष सधैं आशा, उत्साह र परिवर्तनको प्रतीकका रुपमा आउने गर्दछ । तर, प्रत्येक वर्षसँगै उठ्ने प्रश्न भने उही रहन्छ के देश वास्तवमै परिवर्तनतर्फ अघि बढिरहेको छ ? वा पुरानै प्रवृत्तिको निरन्तरता मात्र हो ? नेपालको वर्तमान अवस्था नियाल्दा यो प्रश्न अझ सान्दर्भिक देखिन्छ ।

पछिल्ला वर्षहरुमा नेपालले राजनीतिक स्थायित्वको खोजीमा अनेक उतारचढाव पार गरेको छ । पूर्ववर्ती सरकारहरुको कार्यशैलीले केही क्षेत्रमा उपलब्धि हासिल गरे पनि समग्र रुपमा अपेक्षित परिणाम दिन सकेनन् भन्ने आम जनमानसको बुझाइ छ । विकासका ठूला घोषणाहरु गरिए, तर कार्यान्वयनको पक्ष कमजोर रह्यो । सुशासनको प्रतिबद्धता बारम्बार दोहोरिए पनि भ्रष्टाचार नियन्त्रणमा ठोस सफलता हासिल हुन सकेन । यही कारणले जनतामा निराशा र अविश्वासको भावना बढ्दै गयो । यद्यपि, वर्तमान सरकारले केही सुधारका संकेत देखाएको दाबी गरिरहेको छ । प्रशासनिक क्षेत्रमा केही कडाइ, अनियमितता माथि निगरानी, र केही उच्च प्रोफाइल छानबिनहरुलाई अघि बढाउनु सकारात्मक संकेतका रुपमा लिइएका छन् । सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने प्रयास, डिजिटल प्रणालीको प्रयोग र पारदर्शिता बढाउने पहलहरु स्वागतयोग्य छन् । तर, यी प्रयासहरु स्थायी सुधारका आधार बन्ने कि अस्थायी देखावटी कदम मात्र हुने भन्ने कुरा अझै परीक्षणकै चरणमा छ ।

विश्व परिवेसमै भ्रष्टाचार नियन्त्रण भनेको सबै भन्दा ठूलो समस्या हो र यो नेपालको पनि सबैभन्दा जटिल र संवेदनशील विषय हो । वर्षौंदेखि जरा गाडेको भ्रष्टाचारले राज्य संयन्त्रलाई कमजोर बनाएको छ । नयाँ वर्षले यस क्षेत्रमा ठोस परिवर्तन ल्याओस् भन्ने जनताको अपेक्षा स्वाभाविक हो । तर, भ्रष्टाचार नियन्त्रण केवल नारा र छिटपुट कारवाहीले सम्भव छैन । यसका लागि कानुनी कठोरता, राजनीतिक इच्छाशक्ति र संस्थागत सुधार आवश्यक हुन्छ । यदि ठूला माछा जोगिने र साना मात्र समातिने प्रवृत्ति जारी रह्यो भने जनविश्वास पुनःस्थापित हुन सक्दैन ।

यसैबीच, पछिल्लो समय युवाहरुको सक्रियता बढ्दो छ, विशेषतः तथाकथित "जेनजी आन्दोलन" को नाममा देखिएको सामाजिक तथा राजनीतिक आवाजले नयाँ बहसको सुरुवात गरेको छ । युवाहरुले रोजगारी, पारदर्शिता, सुशासन र अवसरको माग गर्दै आवाज उठाउनु लोकतान्त्रिक समाजको स्वस्थ संकेत हो । तर, यस्ता आन्दोलनहरुलाई उक्साउने र आवश्यक पर्दा दबाउने प्रवृत्तिले भने गम्भीर प्रश्नहरु उठाएको छ । यदि आन्दोलनहरुलाई राजनीतिक स्वार्थका लागि प्रयोग गरिन्छ भने त्यसले युवाहरुको विश्वासमाथि चोट पुर्‍याउँछ । हालै इरानमा जनताले आफ्नो देशको संरचना जोगाउनका लागि देशको झण्डा बोकेर सडक र पुलमा निस्केर मानवसाङ्लो बनाए भने नेपालमा देशको झण्डा बोकेर निस्केर देश जलाएको यथार्थ पनि लुकेको छैन । देश जलाउन उक्साउने तथा भुमिका खेलेको भनेर आरोप अहिले सरकारको नेतृत्वमा पुगेका प्रधानमन्त्री तथा मन्त्रीलाई नै लगाउने गरेका पनि छन् सामाजिक सञ्जालमा । सरकार र सरोकारवालाहरुले युवाहरुको आवाजलाई शत्रुका रुपमा होइन, साझेदारका रुपमा लिन आवश्यक छ । उनीहरुका मागलाई सम्बोधन गर्दै रचनात्मक संवादको वातावरण सिर्जना गर्नु नै दीर्घकालीन समाधान हो । दमन र नियन्त्रणले अस्थायी शान्ति त ल्याउन सक्छ, तर दीर्घकालीन असन्तोषको बीजारोपण पनि त्यहींबाट हुन्छ ।

आर्थिक पक्षतर्फ हेर्दा, नेपालको अर्थतन्त्र अझै चुनौतीपूर्ण अवस्थाबाट गुज्रिहेको छ । रोजगारीको अभाव, उत्पादनमा कमी र आयातमा निर्भरता जस्ता समस्या यथावत छन् । यस्तो अवस्थामा नेपाली शेयर बजारको भूमिका महत्वपूर्ण हुन सक्छ । तर, बजारमा देखिने अस्थिरता, नीतिगत अन्योलता र लगानीकर्ताको घट्दो विश्वासले यसको सम्भावनालाई सीमित बनाएको छ । नयाँ वर्षले शेयर बजारमा सुधार, पारदर्शिता र दीर्घकालीन स्थायित्व ल्याओस् भन्ने अपेक्षा गरिएको छ ।

रोजगारी सृजना अहिलेको सबैभन्दा ठूलो आवश्यकता हो । हरेक वर्ष हजारौं युवा विदेशिन बाध्य छन् । यदि देशभित्रै अवसर सिर्जना गर्न सकिएन भने "समृद्ध नेपाल" को सपना केवल नारामै सीमित हुनेछ । कृषि, पर्यटन, साना तथा मझौला उद्योग र प्रविधि क्षेत्रमा लगानी वृद्धि गर्दै रोजगारमुखी अर्थतन्त्रको विकास गर्न जरुरी छ ।

अन्ततः, नयाँ वर्ष केवल शुभकामना आदानप्रदानको अवसर मात्र होइन, आत्ममूल्यांकन र सुधारको प्रतिबद्धता व्यक्त गर्ने समय पनि हो । सरकार, राजनीतिक दल, निजी क्षेत्र र नागरिक समाज सबैले आफ्नो जिम्मेवारी बोध गर्न आवश्यक छ । परिवर्तन बाहिरबाट होइन, भित्रबाट सुरु हुन्छ । नयाँ वर्षले देशमा दिगो शान्ति, सुशासन, भ्रष्टाचारमुक्त वातावरण, सुदृढ अर्थतन्त्र, शेयर बजारको सुधार र युवाहरुका लागि पर्याप्त रोजगारी सिर्जना गराओस् भन्ने कामना गरौं । साथै, आवाज उठाउनेलाई प्रोत्साहन गर्ने र आवश्यक सुधारलाई निरन्तरता दिने संस्कारको विकास होस्–यही नै समृद्ध नेपालको आधार बन्न सक्छ ।

## हार्दिक शुभकामना

नयाँ वर्ष २०८३ को अवसरमा सम्पूर्ण
नेपालीहरुमा हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं ।

दिपक सुवेदी
प्रिन्सिपल

बालकृष्ण सुवेदी
संस्थापक/अध्यक्ष

**लिटिल गार्डेन ऐकेडेमी**
बेनी बजार, म्याग्दी

## हार्दिक शुभकामना

नयाँ वर्ष २०८३ को अवसरमा सम्पूर्ण
नेपालीहरुमा हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं ।

डम्मरबहादुर कार्की
प्रोपाइटर

सुमन पौडेल कार्की
प्रोपाइटर

**सुपर टेलरिङ एण्ड ट्रेनिङ सेन्टर**
गणेशटोल, बेनी बजार, म्याग्दी

## हार्दिक शुभकामना

नयाँ वर्ष २०८३ को अवसरमा सम्पूर्ण
नेपालीहरुमा हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं ।

प्रेम परियार
प्रोपाइटर

**हिमचुली टेलरिङ सेन्टर एण्ड**
**हिमचुली वस्त्रालय**
बेनी बजार, म्याग्दी

## हार्दिक शुभकामना

नयाँ वर्ष २०८३ को अवसरमा सम्पूर्ण
नेपालीहरुमा हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं ।

रामकृष्ण बराईली
प्रोपाइटर

**रामकृष्ण सुनचादी पसल**
बेनी बजार, म्याग्दी

### विपद् व्यवस्थापनमा सहयोगी बनौं

- बिपदले आपतकालीन अवस्था सृजना गर्न सक्छ ।
- बिपदमा धनजनको क्षतिका साथै जीवनयापनमा प्रतिकूल असर पर्न सक्छ ।
- विपदबाट प्रभावितको जीवनरक्षाका लागि सहयोग गरौं ।
- भौगोलिक र मौसमी अवस्थाको प्राप्त सूचनाबाट विपदको बारेमा सचेत रहौं ।
- भ्रमपूर्ण सूचनाबाट सजग रहौं ।
- विपद परेमा स्थानीय तह वा स्थानीय प्रशासनलाई जानकारी गराऔं ।
- विपद प्रभावितलाई सुरक्षित स्थानमा लैजाऔं ।
- विपदको अवस्थामा आवश्यक पर्ने दैनिक उपभोग्य वस्तुको सञ्चय गरौं ।
- बालबालिका, ज्येष्ठ नागरिक र विशेष अवस्थाका मानिसलाई विशेष हेरविचार र संरक्षण गरौं ।
- उद्दार, राहत र पुर्नस्थापनामा सहभागी बनौं ।

**धवलागिरी गाउँपालिकाको कार्यालय**
मुना, म्याग्दी

### विपदको पूर्वतयारी गरौं

- संभावित जोखिमको मूल्याङ्कन गरौं,
- भूकम्प, बाढी आगलागी जस्ता सम्भावित विपद्को बारेमा सचेत बनौं ।
- सम्भावित जोखिमबाट बच्न आपतकालीन योजना बनाऔं ।
- घर परिवार र छिमेकीहरूसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं ।
- सम्पर्क बिन्दुहरू तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं ।
- खाना, पानी, प्राथमिक उपचार बक्स, टर्चलाइट, आवश्यक औषधि आदि तयार राखौं ।
- विपद् व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं ।

"विपद्को सामना गर्न तयार होऔं, क्षति हुन नदिऔं"

**मालिका गाउँपालिकाको कार्यालय**
दरवाङ, म्याग्दी

### विपद् व्यवस्थापनमा सहयोगी बनौं

- बिपदले आपतकालीन अवस्था सृजना गर्न सक्छ ।
- बिपदमा धनजनको क्षतिका साथै जीवनयापनमा प्रतिकूल असर पर्न सक्छ ।
- विपदबाट प्रभावितको जीवनरक्षाका लागि सहयोग गरौं ।
- भौगोलिक र मौसमी अवस्थाको प्राप्त सूचनाबाट विपदको बारेमा सचेत रहौं ।
- भ्रमपूर्ण सूचनाबाट सजग रहौं ।
- विपद परेमा स्थानीय तह वा स्थानीय प्रशासनलाई जानकारी गराऔं ।
- विपद प्रभावितलाई सुरक्षित स्थानमा लैजाऔं ।
- विपदको अवस्थामा आवश्यक पर्ने दैनिक उपभोग्य वस्तुको सञ्चय गरौं ।
- बालबालिका, ज्येष्ठ नागरिक र विशेष अवस्थाका मानिसलाई विशेष हेरविचार र संरक्षण गरौं ।
- उद्दार, राहत र पुर्नस्थापनामा सहभागी बनौं ।

**बेनी नगरपालिकाको कार्यालय**
बेनी, म्याग्दी

### विपद् व्यवस्थापनमा सहयोगी बनौं

- बिपदले आपतकालीन अवस्था सृजना गर्न सक्छ ।
- बिपदमा धनजनको क्षतिका साथै जीवनयापनमा प्रतिकूल असर पर्न सक्छ ।
- विपदबाट प्रभावितको जीवनरक्षाका लागि सहयोग गरौं ।
- भौगोलिक र मौसमी अवस्थाको प्राप्त सूचनाबाट विपदको बारेमा सचेत रहौं ।
- भ्रमपूर्ण सूचनाबाट सजग रहौं ।
- विपद परेमा स्थानीय तह वा स्थानीय प्रशासनलाई जानकारी गराऔं ।
- विपद प्रभावितलाई सुरक्षित स्थानमा लैजाऔं ।
- विपदको अवस्थामा आवश्यक पर्ने दैनिक उपभोग्य वस्तुको सञ्चय गरौं ।
- बालबालिका, ज्येष्ठ नागरिक र विशेष अवस्थाका मानिसलाई विशेष हेरविचार र संरक्षण गरौं ।
- उद्दार, राहत र पुर्नस्थापनामा सहभागी बनौं ।

**मंगला गाउँपालिकाको कार्यालय**
बाबियाचौर, म्याग्दी

### विपदको पूर्वतयारी गरौं

- संभावित जोखिमको मूल्याङ्कन गरौं,
- भूकम्प, बाढी आगलागी जस्ता सम्भावित विपद्को बारेमा सचेत बनौं ।
- सम्भावित जोखिमबाट बच्न आपतकालीन योजना बनाऔं ।
- घर परिवार र छिमेकीहरूसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं ।
- सम्पर्क बिन्दुहरू तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं ।
- खाना, पानी, प्राथमिक उपचार बक्स, टर्चलाइट, आवश्यक औषधि आदि तयार राखौं ।
- विपद् व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं ।

"विपद्को सामना गर्न तयार होऔं, क्षति हुन नदिऔं"

**अन्नपूर्ण गाउँपालिकाको कार्यालय**
पोखरेबगर, म्याग्दी

### विपद् व्यवस्थापनमा सहयोगी बनौं

- बिपदले आपतकालीन अवस्था सृजना गर्न सक्छ ।
- बिपदमा धनजनको क्षतिका साथै जीवनयापनमा प्रतिकूल असर पर्न सक्छ ।
- विपदबाट प्रभावितको जीवनरक्षाका लागि सहयोग गरौं ।
- भौगोलिक र मौसमी अवस्थाको प्राप्त सूचनाबाट विपदको बारेमा सचेत रहौं ।
- भ्रमपूर्ण सूचनाबाट सजग रहौं ।
- विपद परेमा स्थानीय तह वा स्थानीय प्रशासनलाई जानकारी गराऔं ।
- विपद प्रभावितलाई सुरक्षित स्थानमा लैजाऔं ।
- विपदको अवस्थामा आवश्यक पर्ने दैनिक उपभोग्य वस्तुको सञ्चय गरौं ।
- बालबालिका, ज्येष्ठ नागरिक र विशेष अवस्थाका मानिसलाई विशेष हेरविचार र संरक्षण गरौं ।
- उद्दार, राहत र पुर्नस्थापनामा सहभागी बनौं ।

**रघुगंगा गाउँपालिकाको कार्यालय**
मौवाफाँट, म्याग्दी

हार्दिक शुभकामना

नयाँ वर्ष २०८३ को अवसरमा सम्पूर्ण नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो.इश्वर आचार्य

नमस्ते ट्रेड-२

बेनी बजार, हुलाकचोक, हस्पीटलचोक

मोबाइल, इलेक्ट्रोनिक्स सपिङ तथा रिपेयरीङ सेन्टर

नयाँ वर्ष २०८३ को अवसरमा सम्पूर्ण नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

लक्ष्मी जननी मिडिया हाउस प्रा.लि.

म्याग्दी नेपाल साप्ताहिक

www.myagdinepal.com

हार्दिक शुभकामना

नयाँ वर्ष २०८३ को अवसरमा सम्पूर्ण नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. बिजयकुमार श्रेष्ठ

विजय स्टोर्स

बेनी नगरपालिका ८, अस्पताल रोड, बेनी बजार, म्याग्दी

हामीकहाँ विभिन्न किसिमका स्वदेशी तथा विदेशी फेन्सी एवम् अन्य कपडाहरु, विवाह ब्रतबन्धका कपडाहरु साथ स्कुल, क्याम्पसका ड्रेसहरु सुपथ मुल्यमा पाईन्छ ।

हार्दिक शुभकामना

नयाँ वर्ष २०८३ को अवसरमा सम्पूर्ण नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. ताराप्रसाद गौतम, देवि सापकोटा गौतम

ताजा मष्ठिान्न भण्डार

क्याम्पसचोक, बेनी बजार म्याग्दी

हाम्रो सेवाहरु : हामीकहाँ, स्वादिष्ट खाजा, तथा मिठाइका परिकारहरु सुपथ मुल्यमा पाइनुका साथै होम डेलिभरिको व्यवस्था पनि छ ।


# साप्ताहिक राशीफल




मिति :- २०८२ चैत २७ देखि २०८३।१।४

**मेष** - Aries (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)
पहिलो दिन रमाइलो रहनेछ। प्रियजनसँग भेटघाट र यात्रा गर्ने अवसर जुट्न सक्छ। काम बन्नाले धनलाभ हुनेछ। सोमवारदेखि अप्ठ्यारा कामको बोझ थपिन सक्छ। चोटपटकको योग देखिएकाले स्वास्थ्यका लागि सजग रहनुहोला। धनमाल हराउने र ठगीमा परिने सम्भावना छ, सजग रहनुहोला। अर्थ अभावले आँटेको काम समयमा गर्न नसकिएला। बुधवारदेखि स्थितिमा सुधार आउनेछ। प्रयत्न गर्दा नयाँ काम गर्न सकिनेछ। शुभचिन्तकहरुको सहयोग जुट्नाले आँटेको काम बन्नेछ। सप्ताहान्तमा काम बन्नाले नाम, दाम र इनाम हातपार्न सकिनेछ।

**वृष** - Taurus (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)
मिहिनेतले अवसर दिलाउनेछ। पुरूषार्थ देखाएर दाम समाउने अवसर पनि प्राप्त हुनेछ। भौतिक साधन जुट्नुका साथै दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ। मित्रता र प्रेमको बन्धन कसिलो हुनेछ। अध्ययनका सन्दर्भमा रमाइलो यात्रा गर्ने साइत जुर्न सक्छ। बुधवारपछि पेसा–व्यवसाय र स्वास्थ्यमा केही समस्या आउने सम्भावना छ। आफ्नो क्षेत्राधिकार संकुचित बन्न सक्छ। परिस्थितिवश चिताएको काम रोकिनेछ। मेसो नमिल्दा योजना अधुरै रहनेछ। अधिकार र प्रतिष्ठा जोगाउन गोपनीयतामा ध्यान पुर्याउनुहोला। आम्दानी कम मात्र हुनेछ।

**मिथुन** - Gemini (का, कि, कु, घ, ङ, छ, के, को, ह)
मिहिनेतले अवसर दिलाउनेछ। अध्ययनमा प्रगति हुनेछ। मित्रता र प्रेमको बन्धन कसिनेछ। पेसा–व्यवसायमा लाभ हुनेछ। शत्रु र रोगमाथि विजय प्राप्त हुनेछ। अवरोध हट्नेछन्। प्रयत्न गर्दा लक्ष्य पूरा हुनेछ। प्रतिद्वन्द्वीहरुलाई तह लगाउन सकिनेछ। व्यापारमा फाइदा हुनेछ। कामले अरुलाई आकर्षित गर्न सकिनेछ। अप्ठ्यारा चुनौतीहरुलाई पन्छाउने समय छ। रोकिएका धेरै काम बन्नेछन्। आम्दानीको दिगो स्रोत जुटाउन सफल भइनेछ। सप्ताहान्तमा भने अरुको भरपर्दा काम बिग्रन सक्छ। स्वास्थ्यका लागि विश्राम र खानपानमा ध्यान दिनुहोला।

**कर्कट** - Cancer (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)
प्रारम्भमा घरेलु समस्या देखापर्न सक्छन्। बेसुरमा वचन दिने बानीले काममा समस्या उत्पन्न होला। अध्ययनमा समय दिन नसक्दा पछि परिनेछ। बलभन्दा बुद्धिको उपयोगले फाइदा दिलाउनेछ। तर अरुको भरपर्दा काम बिग्रन सक्छ। स्वास्थ्यका लागि खानपानमा सजग रहनुहोला। बुधवारपछि स्थितिमा सुधार आउनुका साथै चुनौतीहरु सुल्झनेछन्। आँट र प्रतिभाद्वारा बिस्तारै अरुलाई उछिन्न सकिनेछ। आस मारेको काम बन्नाले उत्साह जाग्नेछ। रोग र शत्रुमाथि विजय प्राप्त हुनेछ। सप्ताहान्तमा रमाइलो यात्राका बीच मानसम्मान प्राप्त हुनेछ।

**सिंह** - Leo (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)
रोकिएको काम बन्नुका साथै नयाँ काम सुरू हुनेछ। अवसरले उत्साह जगाउनेछ। सुखदुःखमा साथ दिनेहरु भेटिनेछन्। तर सोमवारदेखि पारिवारिक असमझदारी बढ्न सक्छ। अरुको भर पर्दा महत्वाकांक्षा अधुरो रहनेछ। ईर्ष्या गर्नेहरुले सताउनेछन्। स्वास्थ्य कमजोर रहनाले अध्ययनमा मन एकाग्र नहुन सक्छ। आँट गर्न नसक्दा काममा पछि परिनेछ। अप्रिय समाचारले मन भारी हुनेछ। तापनि सप्ताहान्त अनुकूल देखिन्छ। मिहिनेत गर्दा पहिलेका कमजोरीमा सुधार ल्याउन सकिनेछ। स्रोत–साधन जुट्नाले जीवनशैलीमा परिवर्तन आउनेछ।

**कन्या** - Virgo (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)
साता उतारचढावमय रहनेछ। अध्ययनमा समय दिन नसकिएला। पहिलेको सम्झौताले समस्या निम्त्याउने देखिन्छ। कुरा लगाउनेहरुबाट सजग रहनुहोला। सोमवार र मंगलवार स्थितिमा सुधार आउनुका साथै चिताएका काम गर्न सफल भइनेछ। सहयोगीहरुले मनग्य फाइदा दिलाउनेछन्। मिहिनेतले अवसर दिलाउनेछ भने प्रतिस्पर्धीहरुले हार खानेछन्। बुधवारपछि पारिवारिक असमझदारीले काममा बाधा पुग्न सक्छ। अरुले आफ्ना कमजोरीको फाइदा उठाउन सक्छन्। बुद्धिको उपयोगले मात्र उपलब्धि जोगाउन सफल भइनेछ।

**तुला** - Libra (र, रि, रू, रे, रो, ता, ति, तु, ते)
सुरुमा रमाइलो भेटघाट भए पनि व्यावहारिक कमजोरीले परिस्थिति असहज हुन सक्छ। फजुल खर्च बढ्नुका साथै वादविवादमा परिने सम्भावना छ। दोष देखाउनेहरुले काम बिगार्न सक्छन्। अवसर देखिए पनि उपलब्धि प्राप्त गर्न समय लाग्नेछ । बुधवारपछि स्थितिमा सुधार आउनुका साथै चुनौतीहरु सुल्झनेछन्। आँट र प्रतिभाद्वारा बिस्तारै अरुलाई उछिन्न सकिनेछ। आस मारेको काम बन्नाले उत्साह जाग्नेछ। रोग र शत्रुमाथि विजय प्राप्त हुनेछ। सप्ताहान्तमा विगतका कमजोरी बाहिर आउनाले समस्यामा परिने सम्भावना छ, सजग रहनुहोला।

**वृश्चिक** - Scorpio (तो, ना, नि, नु, ने, नो, या, यि, यु)
प्रारम्भमा खर्च बढ्नुका साथै अर्थ अभावले सताउन सक्छ। काम बिग्रने भयले पनि सताउनेछ। सोमवार र मंगलवार भने स्थिति अनुकूल बन्नाले विभिन्न अवसर प्राप्त हुने देखिन्छ। शुभचिन्तकहरुले साथ दिनेछन् भने मिहिनेत गर्दा आँटेको काम बन्नेछ। बुधवारपछि वादविवादमा परिने समय छ। आलोचकहरुले छिः खोतल्ने हुँदा गोपनीयतामा विशेष ध्यान पुर्याउनुहोला। विवादास्पद जिम्मेवारी वहन गर्नुपर्दा दुःख पाइनेछ। तापनि सप्ताहान्तमा स्थिति अनुकूल बन्नेछ। सहयोगीहरु जुट्नाले रोकिएको काम बन्नेछ। साथीभाइले सहयोग जुटाउनेछन्।

**धनु** - Sagittarius (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)
सुरुमा मनग्य धनलाभ हुनाले मन उत्साहित बन्नेछ। लामो समयदेखिको खाँचो टर्नेछ भने जीवनशैलीमा परिवर्तन आउन सक्छ। सोमवार र मंगलवार भने खर्चिलो रहनेछ। सञ्चित धन अपुग हुनाले थप रकम जुटाउन कर्जा लिनुपर्ला। अर्थ अभावले चिताएको काममा बाधा पुग्नेछ। बुधवारदेखि रमाइलो भेटघाट हुनेछ। अध्ययनमा प्रगति हुनेछ भने व्यवसायले उचाइको मार्ग अवलम्बन गर्नेछ। आँटले काम सम्पादन हुनेछन्। विशिष्ट व्यक्तिहरुसँग निकटता बढ्न सक्छ। सप्ताहान्तमा भने केही विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ने देखिन्छ।

**मकर** - Capricorn (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)
तारिफयोग्य कामले समाजमा स्थापित गराउन सक्छ। एकपछि अर्को अवसर आउनाले काममा पनि उत्साह जाग्नेछ। आफन्त र साथीभाइको सहयोग जुट्नेछ। अरुलाई प्रभावित पारेर लोकप्रियता हासिल गर्न सकिनेछ। आम्दानीका विभिन्न स्रोत जुट्नेछन्। पेसा र व्यापारमा मनग्य लाभ हुनेछ। बुधवारपछि आकस्मिक खर्च बढ्नाले अर्थअभाव देखापर्नेछ। अरुका लागि समेत खर्च गर्नुपर्ने पनि सक्छ। समयमा होसियार नबन्दा काममा बाधा पुग्नेछ। तापनि खर्च गर्दा यात्रा गर्ने अवसर जुट्नेछ। सप्ताहान्तमा अवरोध हट्नेछन् र फाइदा हुनेछ।

**कुम्भ** - Aquarius (गु, गे, गो, सा, सि, सु, से, सो, द)
सुरुमा अस्वस्थताका बीच नयाँ जिम्मेवारी थपिन सक्छ। काममा बाधा र चुनौती देखिनेछन्। अरुको स्वार्थमा उपयोग भइनेछ, सजग रहनुहोला। सोमवारदेखि स्थितिमा सुधार आउनुका साथै राजनीति र नोकरीमा प्रसिद्धि बढ्नेछ। कीर्तिमानी काम गर्ने अवसर जुट्नुका साथै आम्दानीसमेत बढ्नेछ। व्यवसायबाट सोचेको लाभ मिल्नेछ। अरुको मन जितेर लाभ उठाउन सकिनेछ। मिहिनेतले नाम, दाम र इनाम दिलाउनेछ। सप्ताहान्तमा अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपर्ला। सञ्चित रकम बाहिरिनुका साथै फजुल खर्च पनि बढ्न सक्छ।

**मीन** - Pisces (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)
साता केही उतारचढावमय रहनेछ। प्रारम्भमा अस्वस्थताका बाबजुद कामको बोझ बढ्न सक्छ। तापनि अवसर पाइनेछ र सहयोगीहरुले साथ दिनेछन्। कामको सन्दर्भमा अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपर्ने हुन सक्छ। अरुको स्वार्थमा उपयोग भइने सम्भावना छ। पेसा–व्यवसायमा केही उल्झन हुनेछ। तापनि बुधवारदेखि स्थितिमा सुधार आउनुका साथै रोकिएको काम गर्न सक्षम भइनेछ। मिहिनेतले फाइदा दिलाउनेछ। श्रम परे पनि आम्दानीका स्रोतहरु बढ्नेछन् र धन संग्रह हुनेछ। सप्ताहान्तमा उपलब्धि प्राप्त गर्न सफल भइनेछ।

# आइपुग्यो म्याग्दीलाई आवश्यक पर्ने सरकारी पाठ्यपुस्तक

हिमाली जिल्ला म्याग्दीका लागि शैक्षिकसत्र २०८३ को लागि आवश्यक पर्ने सबै तहका पाठ्यपुस्तक सदरमुकाम बेनी आइपुगेको छ ।

नेपाल पुस्तक तथा स्टेसनरी व्यवसायी महासंघका अनुसार जिल्लाका लागि आवश्यक पर्ने बालशिक्षा देखि कक्षा १० सम्मका पुस्तक आइपुगेको हो । शिक्षा विकास तथा समन्वय इकाइ म्याग्दीले उपलब्ध गराएको १० कक्षा सम्म पढ्ने विद्यार्थीको तथ्याङ्क अनुसार पुस्तक आइपुगेको नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघका अध्यक्ष नारायण शर्माले बताए । शर्माका अनुसार जिल्लालाई आवश्यक पर्ने सरकारी पुस्तक आइ सकेको र २४ चैत देखि पुस्तक विक्री वितरण शुरु हुनेछ ।



सरकारी पाठ्यपुस्तक पुस्तक तथा स्टेसनरी व्यवसायी महासंघले संयुक्त रूपमा एउटा केन्द्रबाट विक्री वितरण गर्ने गरेको महासंघका सचिव ध्रुवराज सुवेदीले बताए । उनले पाठ्यपुस्तक आवश्यक पर्ने आइ सकेको र राज्यले तोके अनुसारको ढुवानीलगायतको सुविधा सहित सहज तरिकाले पुस्तक विक्री वितरणको व्यवस्था मिलाइएको छ । शिक्षा विकास तथा समन्वय इकाई म्याग्दीले उपलब्ध गराएको तथ्याङ्क अनुसार प्रयाप्त पुस्तक आएको हुनाले सबैले आवश्यक पर्ने पुस्तक खरिद गर्न सक्नेछन् । इकाइले उपलब्ध गराएको तथ्याङ्क अनुसार बालशिक्षामा एक हजार नौ सय छ, १ कक्षामा एक हजार चार सय ६४, २ कामा एक हजार तीन सय ४५ जना, ३ कक्षामा एक हजार चार सय २ जना, चार कक्षामा एक हजारचार सय ६६ जना विद्यार्थी रहेका छन् । त्यसैगरी कक्षा ५ मा एक हजार पाँच सय २७, कक्षा ६ मा एक हजार छ सय १०, कक्षा सातमा एक हजार छ सय १ जना विद्यार्थी रहेका छन् । त्यस्तै कक्षा ८ मा एक हजार सात सय ८६, कक्षा ९ मा एक हजार सात सय ३२ र कक्षा १० मा एक हजार चार सय ८७ जना विद्यार्थीहरूले शैक्षिकसत्र २०८३ मा अध्ययन गर्नेछन् । नयाँ शैक्षिकसत्रमा बालशिक्षा देखि कक्षा १० सम्म कुल १७ हजार तीन सय ३६ विद्यार्थी रहेका छन् । उक्त संख्यामा रहेका विद्यार्थीहरूका लागि गत यस वर्ष १३ हजार दुई सय ४५ थान पुस्तक म्याग्दी आइ सकेको छ । गत वर्षको पुस्तक पनि मौजदात रहेको र अहिले पनि तीन गाडी पुस्तक बेनी आइ सकेको हुँदा कुनै पनि प्रकारको अभाव नहुने पुस्तक तथा स्टेसनरी व्यवसायी महासंघका अध्यक्ष शर्माले बताए ।

## उत्पादन......

उत्पादन विषादीरहीत हुने भए पनि बारिबाट आएका विषादी प्रयोग गरेका सस्तो सामग्री नै खोज्ने हुँदा बजारीकरणमा केही समस्या देखिएको हो । विषादी रहीत सामग्री हामीले उत्पादन गरेका छौं भन्ने कुरा बुझाउन नसक्दा पनि बजारमा हाम्रो सामग्रीको माग कम देखिएको हो अध्यक्ष सुवेदीले भने ।

आत्मनिर्भर साना किसान कृषि सहकारीले हाल आफ्नो कार्यालयमै चाउमिन उत्पादन समेत सुरु गरेको छ । सहकारीले उत्पादन गरेको चाउमिन मंगला गाउँपालिका, मालिका गाउँपालिका र धवलागिरी गाउँपालिकामा मुख्य रूपमा बिक्रि हुने गरेको छ । सहकारीले उत्पादन गर्ने चाउमिन मिस्त्री तुलप्रसाद रोकाका अनुसार सिजनमा दैनिक १ सय केजीभन्दा बढी मैदाको चाउमिन उत्पादन हुने भए पनि अहिले अफ सिजनका कारण दैनिक करिब ६० केजी मैदाको चाउमिन उत्पादन भइरहेको छ । चाउमिनको बजार राम्रो भएकोले गर्दा अहिले सहकारीको आम्दानीमा चाउमिनले राम्रो भुमिका खेलेको रोकाको भनाई छ ।

सहकारीले कृषकहरुलाई मल, बिउबिजन वितरण गर्नुका साथै कृषि तालिम, उत्पादनमा प्राविधिक सहयोग र आवश्यक पुँजी व्यवस्थापनमा सहजीकरण गर्दै आएको छ । आफ्ना शेयर सदस्यहरूको आवश्यकतालाई मध्येनजर गर्दै साना किसान विकास बैंक तथा अन्य वित्तीय संस्थासँग समन्वय गरी सस्तो ब्याजदरमा ऋण उपलब्ध गराउने व्यवस्था मिलाइएको छ । सहकारीले कृषकलाई ७ देखि ८ प्रतिशत ब्याजदरमा कृषि ऋण उपलब्ध गराउँदै आएको छ भने व्यवसायिक प्रयोजनका लागि १० प्रतिशत ब्याजदरमा ऋण लगानी गर्ने गरेको सहकारीका अध्यक्ष सुवेदीको भनाई छ ।

आत्मनिर्भर साना किसान कृषि सहकारी संस्था लिमिटेडको मुख्य उद्देश्य कृषकहरुको जीवनस्तर उकास्नु हो, अध्यक्ष सुवेदीले भने, गाउँका उत्पादनलाई प्राथमिकता दिँदै सहकारी अगाडि बढिरहेको छ । सहकारीको नाम अनुसारै परनिर्भर होइन आत्मनिर्भर हुनु पर्छ भन्ने मुल ध्येय नै सहकारीको लक्ष्य रहेको उनले सुनाए ।

सहकारीले स्थानीय उत्पादनलाई प्रोत्साहन गर्दै बजारसम्म पहुँच विस्तार गर्ने प्रयास गरिरहेको भए पनि पूर्वाधार अभावका कारण अझै चुनौती सामना गर्नुपरेको सहकारीका सचिव अमृत सापकोटाले बताए । उनका अनुसार उचित नीतिगत सहयोग र संरचनात्मक विकास भएमा यस्ता सहकारीहरु ग्रामीण अर्थतन्त्र सुदृढ पार्न महत्वपूर्ण आधार बन्न सक्ने देखिन्छ ।





हार्दिक शुभकामना
नयाँ वर्ष २०८३ को अवसरमा सम्पूर्ण नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

ध्रुवराज सुवेदी – प्रवन्धक | विष्णु आचार्य – प्रवन्ध निर्देशक | ठाकुरप्रसाद शर्मा – अध्यक्ष

अन्नपूर्ण ग्रुप
शुभ अन्नपूर्ण सप्लायर्स प्रा.लि.
अन्नपूर्ण बुक्स एण्ड स्टेसनरी सप्लायर्स
बेनी बजार म्याग्दी
सम्पर्क : ९८५७६२७०३५,९८५७६२३२३६,९८५७६४०२५२

प्रो.पुर्ण गौचन ९८५७६३०२७८
होटल हिलभ्यू, थकाली भान्साघर
पिपलचोक, बेनी, म्याग्दी
फोन :- ०६९-५२११५८/५२०३५९
पारिवारीक वातावरणमा आरामदायी वास तथा, कन्टीनेन्टल, नेपाली तथा स्वादिलो थकाली खनाकालागि सदैव हामीलाई सम्झनुहोस ।

हार्दिक शुभकामना
नयाँ वर्ष २०८३ को अवसरमा सम्पूर्ण नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
न्यू नारायणी सप्लायर्स
क्याम्पसचोक, बेनी बजार म्याग्दी
सिलाइ मेसिन तथा साइकलको बिक्रेता

हार्दिक शुभकामना
नयाँ वर्ष २०८३ को अवसरमा सम्पूर्ण नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
प्रो. राजन लामा
लामा भान्साघर
हस्पीटलचोक, गणेशटोल, बेनी बजार म्याग्दी
हाम्रो सेवाहरु : हामीकहाँ, स्वादिष्ट खाजा, तथा आरामदायी बसाईका साथै खाजा खाना होम डेलिभरिको व्यवस्था पनि छ ।

## १ साताको तस्वीर




**फोटो क्याप्सन :-** जिल्ला प्रशासन कार्यालय म्याग्दीको आयोजनामा मंगलबार म्याग्दी बहुमुखी क्याम्पसमा लागुपदार्थ दुर्व्यसनी विरुद्ध सचेतना कार्यक्रम सम्पन्न गरिएको छ । म्याग्दी बहुमुखी क्याम्पसमा सञ्चालन गरिएको कार्यक्रममा क्याम्पसका करिब ३० जना विद्यार्थीहरूको सहभागिता रहेको थियो । *तस्बीर : म्याग्दी नेपाल*


## पशुमा नियमित खोप लगाऔं रोगको रोकथाम सँगै उत्पादन बढाऔं ।

### पशु खोप लगाउन किन जरूरी छ?

१. पशुमा महामारीजन्य रोगको नियन्त्रण गर्न प्रभावकारी एवं किफायती उपाय भएकोले ।
२. पशुबाट मान्छे र मान्छेबाट पशुमा सर्ने जुनोटिक रोगलाई नियन्त्रण गरि जनस्वास्थ्यलाई पार्ने नकारात्मक प्रभावबाट बचाउन ।
३. रोगको कारण हुने पशुजन्य उत्पादनको गिरावटलाई कम गरि रोगको उपचार नियन्त्रण गर्दा लाग्ने समय र खर्चको बचतका लागि ।
४. मानिसको जिविकोपार्जनका श्रोतको रुपमा रहेको पशु पालन व्यवसायलाई जोगाई आम्दानी बढाउनुका साथै खाद्य सुरक्षा कायम राख्नका लागि ।
५. रोगको जोखिमलाई न्यूनिकरण गरि कृषकको लगानी सुनिश्चित गर्नमा मद्दत गर्ने भएकोले ।
६. पशुमा रोगको प्रकोप कम गरि एन्टिबायोटिकको प्रयोग घटाउँछ । र प्रतिजैविक प्रतिरोध न्यूनिकरण गर्न महत्वपूर्ण भूमिका खेल्छ ।

**भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,**
म्याग्दी, बेनी









सार्वजनिक सम्पत्तीको संरक्षण गरौं, अतिक्रमण नगरौं, सार्वजनिक सम्पत्तिकको अतिक्रमण र हानी नोक्सानी हुँदा सम्बन्धीत निकायमा जानकारी गराउनु नागरिकको कर्तव्य हो ।

**समयमै व्यक्तिगत घटना दर्ता गरौं**

व्यक्तिको कानुन पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तीकालागि जन्म, मृत्यु, बिबाह, बसाइसराइ र सम्बन्ध बिच्छेदलगायतका घटनाहरू ३५ दिन भित्रै आफ्नो वडा कार्यालयमा दर्ता गरौं/गराऔं ।

**थासाङ गाउँपालिका**
कोबाङ, मुस्ताङ






सार्वजनिक सम्पत्तीको संरक्षण गरौं, अतिक्रमण नगरौं, सार्वजनिक सम्पत्तिकको अतिक्रमण र हानी नोक्सानी हुँदा सम्बन्धीत निकायमा जानकारी गराउनु नागरिकको कर्तव्य हो ।

**समयमै व्यक्तिगत घटना दर्ता गरौं**

व्यक्तिको कानुन पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तीकालागि जन्म, मृत्यु, बिबाह, बसाइसराइ र सम्बन्ध बिच्छेदलगायतका घटनाहरू ३५ दिन भित्रै आफ्नो वडा कार्यालयमा दर्ता गरौं/गराऔं ।



**घरपझोङ गाउँपालिका**
जोमसोम, मुस्ताङ


लक्ष्मी जननी मिडिया हाउस प्रा.लि. द्वारा प्रकाशित म्याग्दी नेपाल साप्ताहिकका लागि अध्यक्ष/प्रकाशकः अमृतप्रसाद पौडेल (अमृत बास्कुने)
सम्पर्कः ९८५७६४०२६६, ९८०५१२३०००, इमेल :erupse@gmail.com, कार्यालय, बेनी नगरपालिका ८, बेनी म्याग्दी, सम्पादकः तुलसी सुवेदी